नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

स्थानीय राजस्व परिचालन शाखा

फोन { ४२००३०९, ४२००३८१

पत्र संख्याः- ०७४/७५

चलानी नं.:- २६

मिति :- १२ पौष २०७४

विषयः घरजग्गा रजिष्ट्रेशन दस्तुर रकम सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिहरु सवै ।

प्रस्तुत विषयमा यस मन्त्रालयबाट श्री भूमिसुधार तथा ब्यवस्थापन विभाग, सिंहदरवार काठमाण्डौलाई पठाइएको च.नं. २५ मितिः २०७४/०९/०७ को पत्र छयाप्रति यसैसाथ संलग्न छ । सो पत्रमा उल्लेख भएको ब्यहोरा कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

०७४।९।१२

भीम बहादुर शाही

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा बिद्युतीय शासन शाखाः- पत्र वेवसाईटमा राखि दिनु हुन ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

स्थानीय राजस्व परिचालन शाखा

फोन ४२००३०९, ४२००२८१

पत्र संख्या:- ०७४/७५

चलानी नं.:- ७८

मिति :- ७ पौष २०७४

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

विषयः राजस्व रकम बाँडफाड सम्बन्धमा ।

श्री भूमिसुधार तथा ब्यवस्थापन विभाग, राजस्व तिरो शाखा
सिंहदरवार, काठमाण्डौ ।

प्रस्तुत विषयमा ताँहा विभागको च.नं. १०२८ मिति २०७४/०८/१३ को प्राप्त पत्रका सम्बन्धमा पेस हुँदा नेपालको संविधानको अनुसूची ६ र ८ मा घरजग्गा बापतका रजिष्ट्रेशन दस्तुरको अधिकार क्षेत्र प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र भित्र परेको । साथै उत्त दस्तुरको ब्यवस्थापनका लागि अन्तर सरकारी बित्त ब्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ मा थप स्पष्ट ब्यवस्था समेत गरेको सन्दर्भमा प्रदेश सरकार गठन नभईसकेको र दर तथा संकलनको प्रक्रिया समेत तय भैसकेको छैन । यसैगरी विगत देखि नै साविकको दर र प्रक्रिया अनुसार रजिष्ट्रेशन शुल्क उठाई सकेको तत्कालिन अवस्थामा देहाय बमोजिम गर्न नेपाल सरकार (मा. उप-प्रधानमन्त्री स्तर) मिति-२०७४/०९/०४ को निर्णयानुसार अनुरोध छ ।

देहायः

१. स्थानीय निकाय खारेज भै स्थानीय तह गठन भईसकेको अवस्थामा राजस्व बाँडफाडको Modality तयार नभईसकेकोले हाललाई उत्त दस्तुर बापत साविकको स्थानीय निकायले पाउने रजिष्ट्रेशन दस्तुरको रकम सम्बन्धित जिल्ला समन्वय समितिमा खर्च नगर्ने र पछि बाँडफाड हुने गरी जम्मा गरी राख्ने ।

२. साविकको ब्यवस्था अनुसार नेपाल सरकारले पाउने रकम सोझै केन्द्रिय राजस्वमा दाखिला गर्ने ब्यवस्था मिलाउने ।

०७४।९।७

O/C

भीम बहादुर शाही
(शाखा अधिकृत)